फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

मिति : २०७६/१०/२०

## रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७६/१०/२०)**

यस चिशंखुगढी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा मापदण्डको अनुसूची-१ बमोजिम रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन रोजगार संयोजक पदपूर्ति समितिको मिति २०७६/१०/१९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**माग गरिएको पद :-**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/०७६/७७ | रोजगार संयोजक | छैठौं | १ (एक) | |

१. **न्यूनतम शैक्षिक योग्यता**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको।
२. **उमेर** :- दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।
३. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु** :- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको प्रतिलिपि।
४. **दरखास्त दस्तुर** :- रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक खाता नं. ०९२००४८६२५४००००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।
५. **परीक्षाको किसिम** :- रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ८ र ९ मा तोकिए बमोजिम (प्रारम्भिक सूची, सेवा तथा कम्प्युटर सम्बन्धी) हुनेछ।
६. **काम गर्नुपर्ने स्थान**:- चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय।
७. **तलब भत्ता तथा सेवा सुविधा** :-नियमानुसार।
८. **अन्य सेवा सुविधा र कार्यविवरण** :- मापदण्डमा तोके बमोजिम।
९. **परीक्षा, मिति, समय र स्थान** :- दरखास्त पेश गर्ने अन्तिम मितिबाट १० (दश) दिन भित्र प्रारम्भिक सूची प्रकाशन गरिनेछ। अन्य परीक्षाको मिति, समय र स्थान सोही दिन तोकिनेछ।
१०. **दरखास्त पेश गर्ने स्थान** :- चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा।

**द्रष्टव्य:- दरखास्त फारम, पाठ्यक्रम तथा रोजगार संयोजको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ चिशंखुगढी गाउँ कार्यपालिकाको *website:- www.chishankhugadhimun.gov.np* बाट प्राप्त गर्न सकिनेछ।**

०७६/१०/२०
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत